एम्नेस्टी इन्टरनेसनल
इन्टरनेसनल

# एम्नेस्टी इन्टरनेसनल
# प्रेस वक्तव्य

२०७२ असार १ गते

## एम्नेस्टी इन्टरनेसनल नेपाल बोर्डका पदाधिकारीहरुको राजीनामा सम्बन्धमा वक्तव्य

एम्नेस्टी इन्टरनेसनल नेपाल बोर्डका ९ जना पदाधिकारीहरुले हालै राजीनामा गरेबाट एम्नेस्टी इन्टरनेसनललाई दु:खित तुल्याएको छ । तरपनि गत वर्षहरुमा गरिएका नेपालको मानवअधिकार सम्बन्धी विविध कार्यहरुप्रतिको हाम्रो प्रतिवद्धता यथावतै छ ।

एम्नेस्टी इन्टरनेसनलप्रति असहमती राख्न पाउने वहाँहरुको अधिकारको हामी सम्मान गर्दछौं र पनि वहाँहरुले खासगरी नेपालका दुईवटा घटनाहरुका सम्बन्धमा हाम्रा काम उपर लगाउनु भएको आरोपप्रति भने एम्नेस्टी इन्टरनेसनल विमती राख्दछ ।

नेपालको सशस्त्र द्वन्द्वका क्रममा भएको नन्दप्रसाद अधिकारीका छोरा कृष्णप्रसादको हत्या र हजारौं अन्य पीडितहरुको घटनाहरुमा जवाफदेहीताको आह्वानको पक्षमा एम्नेस्टी इन्टरनेसनलले सदैव आफूलाई उभ्याएको छ । एम्नेस्टी इन्टरनेसनल नेपालले सञ्चारमाध्यम एवं अभियान गतिविधिहरु मार्फत् र सरकारी अधिकारीहरुसँगको भेटघाटका क्रममा यस विषयमा धारणाहरु व्यक्त गर्दै आएको छ ।

सिके राउत र उनका समर्थकहरुको सम्बन्धमा भने एम्नेस्टी इन्टरनेसनलले नेपाल सरकारसँग अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने स्वतन्त्रता र स्वेच्छाचारी गिरफ्तारी एवं थुना हुन नहुने आह्वान गरेको हो । एउटा स्वतन्त्र र निष्पक्ष संस्थाका नाताले एम्नेस्टी इन्टरनेसनलको चासोको विषय भनेको जुनसुकै राजनीतिक झुकावको व्यक्ति किन नहोस् उसको पनि मानवअधिकार संरक्षित हुनु पर्दछ भन्ने मात्र हो । यसले सिके राउतको राजनीतिक विचारको समर्थन गरेको भन्ने हुनु हुँदैन ।

राजीनामा पेश गर्नुहुने वोर्ड पदाधिकारीहरुलाई एम्नेस्टी इन्टरनेसनल शुभेच्छा व्यक्त गर्दछ । गत वैशाखमा गएको विनाशकारी भूकम्पबाट भएको अपार क्षतिबाट तङ्ग्रिने कोशिस गर्दै नेपाल अघि बढीरहेको अवस्थामा स्वतन्त्र मानवअधिकार अनुमगन विगतमा भन्दा पनि अझ आवश्यक भएको छ । नेपालको मानवअधिकारको अवस्था सुदृढीकरणका लागि हामी निरन्तर रुपमा कार्य गर्नेछौं ।

पछिल्ला दुई वर्षलाई हेर्ने हो भने हामीले वैदेशिक रोजगारीमा जाने नेपाली आप्रवासी श्रमिकहरुको अधिकार; पाठेघर (आङ) खस्ने समस्याले लाखौं नेपाली महिलामा पारेको असर; द्वन्द्वका क्रममा भएका आपराधिक घटनामा जवाफदेहिता र भुकम्पको घटनासँग सम्बन्धित मानवअधिकार जस्ता विषयहरुमा अनुसन्धान एवं तिनका आधारमा अभियानहरु गर्दै आएका छौं ।

सार्वजनिक दस्तावेज

****************************************

थप जानकारीका लागि बेलायतको लण्डनमा अवस्थित एम्नेस्टी इन्टरनेसनलको प्रेस अफिसको निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

फोन: +44 20 7413 5566 or +44 (0)777 847 2126
इमेल: press@amnesty.org ट्वीटर: @amnestypress

अन्तर्राष्ट्रिय सचिवालय, एम्नेस्टी इन्टरनेसनल, 1 Easton St., London WC1X 0DW, UK